नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सडक विभाग

(प्रशासन शाखा)

फ्याक्स ५५२९१०६
फोन ५५२९०७५
बबरमहल, काठमाडौं, नेपाल
(हालः चाकुपाट, ललितपुर)
ई-मेल : dgdor@dor.gov.np

पत्र संख्या : ५.१.२०/०७६/७७
चलानी नम्बर १२०६

मिति : २०७७/३/२

**विषय :** सरकारी कार्यालय दुई सिफ्टमा सञ्चालन गर्ने सम्बन्धमा ।

श्री सडक विभाग, योजना तथा अनुगमन महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, विकास सहायता कार्यान्वयन महाशाखा, ललितपुर ।
श्री सडक विभाग, सम्भार महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, पुल महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, यान्त्रिक महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, आर्थिक प्रशासन शाखा, चाकुपाट ।
श्री सडक विभाग, कानून तथा विवाद व्यवस्थापन शाखा, चाकुपाट ।
श्री संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी/काठमाडौं/पोखरा/सुर्खेत ।
श्री सडक विभाग, आयोजना निर्देशनालय (ए.डी.बी.), विशालनगर ।
श्री सडक विभाग, सडक सुधार तथा विकास आयोजना निर्देशनालय, काठमाडौं ।
श्री सडक विभाग, उत्तर दक्षिण तथा व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय, चाकुपाट ।
श्री सडक विभाग, पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय, बुद्धनगर ।
श्री सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, मित्ररोड चाकुपाट ।
श्री सडक विभाग, हुलाकी राजमार्ग निर्देशनालय, टेकु ।
श्री गुणस्तर, अनुसन्धान तथा विकास केन्द्र, पाटनढोका ।

नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७७/२/२८ को निर्णयानुसार मिति २०७७/३/१ गतेबाट सरकारी कार्यालयहरु विहान ८:०० बजे देखि साँझ ६:०० बजेसम्म सञ्चालन गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना अनुसार गर्नु गराउनु हुनका साथै सो सम्बन्धमा यस विभागको मिति २०७७/३/२ को निर्णयहरु जानकारीका लागि यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७७/३/२

(तेजनाथ पोखरेल)
शाखा अधिकृत

"निजामती कर्मचारीको प्रतिवद्धता : पारदर्शिता र चुस्तता"

# निर्णयहरु

नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७७/२/२८ को निर्णयानुसार मिति २०७७/३/१ गतेबाट सरकारी कार्यालयहरु विहान ८:०० बजे देखि साँझ ६:०० बजेसम्म सञ्चालन गर्ने सम्बन्धमा निम्नानुसारको निर्णयहरु गरियो ।

१) कार्यालय समय विहान ८:०० बजे देखि साँझ ६:०० बजेसम्म २ सिफ्टमा सञ्चालन गर्ने नेपाल सरकारबाट निर्णय भए अनुरुप विभाग र अन्तर्गतका कार्यालयहरुबाट प्रवाह हुने सेवा सुचारु हुने गरी उपलब्ध कर्मचारीहरुबाट व्यवस्थापन गरी सम्बन्धित कार्यालय प्रमुखले २ सिफ्टमा कार्यालय सञ्चालन गर्ने । सिफ्टमा उपलब्ध गराउन सकिने सेवाहरुको बारेमा कार्यालयबाट सूचना प्रकाशित गर्ने ।

२) विभागमा महाशाखा प्रमुखहरुले आ–आफ्नो महाशाखा अन्तर्गतका कर्मचारीहरुलाई व्यवस्थापन गरी आवश्यकतानुसार २ सिफ्टमा सञ्चालन गर्ने ।

३) विभागको दर्ता चलानी सम्बन्धी कार्य तत्काल २ सिफ्टमा सञ्चालन गर्ने र अन्य सेवाहरु सेवाग्राहीको चाप तथा आवश्यकतानुसार क्रमशः २ सिफ्टमा सञ्चालन गर्ने ।

४) कर्मचारीहरुको अभावमा २ सिफ्टमा खटाउन नसकिने खालका कार्यहरुका लागि सेवाग्राहीहरुलाई सूचित गर्दै साविक बमोजिम कार्यालय समय १०:०० – ५:०० हुने ।

२०७७/३/२

०३/०२

केशव कुमार शर्मा
महानिर्देशक

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पाटनढोका, ललितपुर